नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## पशु सेवा विभाग

## केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र

फोन नं. ०१- ४९५०८३३
४९५०६०९
४९८५८५४
४९८५६४६
Website- www.cfpcc.gov.np
Email- dofnep@gmail.com
केन्द्रीय मत्स्य भवन
बालाजु, काठमाण्डौ, नेपाल

प. सं: २०८२/८३
च.नं:

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र
केन्द्रीय मत्स्य भवन, बालाजु, काठमाडौं

मितिः २०८२ असोज ०२ गते

विषयः हराएका/चोरी भएका जिन्सी सामान फिर्ता गर्ने सम्बन्धमा सार्वजनिक आह्वान।

मिति २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनको क्रममा भाद्र २४ गते यस केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुमा आगजनी, तोडफोड, चोरी एवम् लुटपाट हुँदा यस केन्द्रको मेशिनरी औजार लगायतका जिन्सी सामाग्रीहरू र कार्यालयको भौतिक पूर्वाधार, महत्वपूर्ण दस्तावेज/कागजात अभिलेखहरूको चोरी, लुटपाट तथा आगजनी भएको सर्वविदितै छ।

उक्त कार्य गर्नेहरूको भिडीयो फुटेज तथा फोटोहरू कार्यालयमा तथा अनुसन्धान गर्ने निकायहरूमा आउने क्रम जारी रहेको हुँदा कोही कसैले यस केन्द्रको सामानहरू फेला पार्नु भएको, लिनु भएको, सुरक्षित तरिकाले राखिदिनु भएको भए यस केन्द्र वा नजिकको प्रहरी कार्यालयमा इमान्दारीताका साथ तत्काल बुझाईदिनुहुन अनुरोध गर्दछौं। यसरी सामान फिर्ता गर्नेहरूको पहिचान गोप्य राखिने व्यहोरा समेत अनुरोध गर्न चाहन्छौं। अन्यथा कानून बमोजिम अनुसन्धान गरी आवश्यक कारबाही हुने व्यहोरा सूचित गरिन्छ।

२०८२।०६।०२

..........
सरिता गौतम
प्रमुख
रा.प.प्रथम (प्रा.)

सरिता गौतम
प्रमुख
रा. प. प्रथम (प्रा.)